क्षेत्रीय समाचार एकांश

आकाशवाणी खरसाङ

मितिः 17 मई, 2012

समयः 18:50 – 19:00 बजे

प्रादेशिक समाचार – नेपाली, आकाशवाणी खरसाङ

प्रमुख समाचार

- दार्जीलिङ्को सुनादह नगीज बन्द रहेको रिंगटांग चिया बगान पुनः खोल्नको निम्ति आज आयोजित त्रिपक्षीय बैठक विफल रह्यो।
- दार्जीलिङ शहरको बाटो छेऊ–छाऊमा गाड़ी पार्कीङलाई लिएर प्रशासन अनि चालकहरू माझ आरोप–प्रत्यारोप शुरू हुन थालेको छ।
- तृणमूल कंग्रेसको नेतृत्वमा रहेको पश्चिम बंगाल सरकारले आफ्नो एक वर्षको कार्यकालको उपलब्धिहरू आम जनता समक्ष राख्ने निर्णय लिएको छ।
- सरकारले अनुसूचित जाति तथा अनुसूचित जनजातिहरूमाथि अन्याय रोक्ने सम्बन्धी कानूनमा सशोंघनको निम्ति काम गरीरहेको छ।

रिंगटांग टी स्टेट

दार्जीलिङ जिल्ला अन्तर्गत, सुनादह छेऊ बन्द रिंगटांग चिया कमानलाई पुनः खोल्ने प्रयासमा आज दार्जीलिङमा बसेको त्रिपक्षीय बैठक विफल रह्यो। दार्जीलिङ जिल्ला शासक श्री सौमित्र मोहनको अध्यक्षतामा सम्पन्न बैठकमा कमानका मालिक श्री सुशिल चौधरी, जिल्ला प्रशासनका कतिपय अधिकारीवर्ग, श्रम आयुक्त अनि मोर्चाको श्रमिक संगठन दार्जीलिङ तराई–डुवर्स प्लान्टेशन युनियनका प्रतिनिधिवर्ग उपस्थित थिए। बैठक पछि पत्रकारहरूसितको भेटघाटमा कमानका मालिक श्री चौधरीले बन्द रिंगटांग चिया कमान खोल्ने प्रयास जारी रहेको बताए। दार्जीलिङ तराई–डुवर्स प्लान्टेशन लेवर युनियनका मूल सचिव श्री सूरज सुब्बाले कमानका मालिक श्री चौधरीको कमान खोल्ने इच्छा शक्ति नरहेको आरोप लगाएका छन्। आजको बैठकमा कमान मालिक श्री चौधरीले ल्याएको प्रस्तावलाई युनियनले खारेज गर्दै, प्रशासनले बगानको लीज रद्द गर्ने, बकाया राशी पाँच करोड़ सत्तर लाखभन्दा अधिक भुक्तान गर्ने मांग गरेको छ। श्री सुब्बाले अझ बताए अनुसार –आगामी 24 मईको दिन पुनः त्रिपक्षीय बैठक बस्ने निर्णय लिइएको छ र यो बैठक पनि फलप्रद नभए युनियनले वृहत आन्दोलन शुरू गर्ने धम्की दिएको छ।

111111 ॰ 111111

पार्कीङ

दार्जीलिङ शहरको बाटो छेऊ–छाऊमा गाड़ी पार्कीङलाई लिएर प्रशासन अनि चालकहरूमाझ अरोप–प्रत्यारोप शुरू हुन थालेको छ। शहरका डीएसपी, श्रीमती पुर्णिमा शेर्पाले आज संवाददाताहरूलाई बताए अनुसार –नवम्बर, 2011 सालमा पार्कीङ नियम बनेको कारण यही

नियमहरूलाई कड़ा रूपले पालन गरिने काम शुरू गरिएको छ। हिज शहरमा, नियमलाई उल्लंघन गर्ने वाहन अनि चालकहरू विरूद्ध पुलिसले जरीमानासम्म भुक्तान गरायो। पुलिसको यो कार्यवाहीको प्रतिवाद गर्दै, चालकहरूलाई लिएर अल ट्रान्सपोर्ट जोइन्ट एक्शन कमिटिले आज जिल्ला शासकलाई घेराव गरि डेप्यूटेशन दियो। जिल्ला शासकले समस्याको भार नगर प्रशासनमाथि थोपी दिए पछि, एक्शन कमिटिका प्रतिनिधि दलले दार्जीलिङ नगरपालिका अध्यक्ष, श्री अमर सिंह राईलाई घेराव गर्दै डेप्यूटेशन दिए। नगर अध्यक्ष श्री राईले, कमिटिको प्रतिनिधि दललाई आगामी 25 मईको दिन प्रशासन र कमिटिका सदस्यहरूसित बसेर पार्कीङको नयाँ नियम बारे पुनः विचार–विमर्श गरिने आश्वासन दिए पश्चात, कमिटिका सदस्यवर्गले डेप्यूटेशन आज समाप्त गरेको, कमिटि सूत्रले बताएको छ।

111111 ० 111111

<u>स्टेट क्याबिनेट</u>

पश्चिम बंगाल मंत्रीमण्डलको, हिज, मुख्यमंत्री सुश्री ममता ब्यानर्जीको अध्यक्षतामा बैठक सम्पन्न भयो जसमा सत्तारूढ़ सरकारको वर्षभरिका कार्यहरूको प्रचार–प्रसार गर्ने विषयमाथि वल दिइयो। राज्य सचिवालय सूत्र अनुसार –मंत्रीमण्डलको बैठकमा कतिपय महत्त्वपूर्ण निर्णय पनि लिइयो। बैठकमा मुख्यमंत्री सुश्री ब्यानर्जीले सरकारको एक वर्षका उपलब्धिहरूलाई जिल्लामा प्रसार गर्ने निर्देश दिन साथै मंत्रीहरूलाई आ–आफ्ना जिल्लाहरूमा सरकारका कार्यहरू बारे जानकारी दिने तथा भावि कार्यक्रमहरूको जानकारी मानिसहरूसम्म पुऱ्याउने काम गर्ने भन्नुभयो। यस सिलसिलामा सरकारले 19–देखि 26 मईसम्म कोलकातामा विभिन्न विभागहरूको स्टल लगाउने पनि निर्णय लिएको छ। 19 मईको दिन वर्त्तमान सत्तारूढ़ सरकारको एक वर्षको कार्यकाल पूरा भईरहेको छ।

111111 ० 111111

<u>सिभिल डिफेन्स</u>

कालिम्पोङ नागरिक सुरक्षा (सिभिल डिफेन्स) विभागको आयोजनामा समाजमा घट्ने आपदहरूदेखि मानिसहरूलाई कसरी बचाउन सकिन्छ अनि आपदमा फँसेका मानिसहरूको कसरी उद्धार गर्न सकिन्छ, यसमाथि जोड़ दिँदै विभागले स्थानिय एसयूएमआई–का विद्यार्थीहरूलाई लिएर गरेको पाँच दिवसीय प्रशिक्षण शिविर आज कालिम्पोङमा सम्पन्न भयो। यो प्रशिक्षण शिविरमा एसयूएमआई–को राष्ट्रीय सेवा योजना (एनएसएस)–सित जुड़ेको 84 विद्यार्थीहरूले भाग लिए। प्रशिक्षण, नागरिक सुरक्षा विभागका अधिकारीहरूले प्रदान गरे। एनएसएस योजनाका अधिकारी एवं विद्यालयका सह–शिक्षक श्री पाल्देन लेप्चाले आज कालिम्पोङमा पत्रकारहरूलाई बताए अनुसार –70 अनि 80–को दशकमा एसयूएमआई–का विद्यार्थीहरूलाई नागरिक सुरक्षाको विषयमा तालिम दिने गरिन्थ्यो तर विगत कतिपय वर्षहरूसम्म यो कार्यक्रम बन्द रह्यो। तथापि तत्कालिन महकुमा अधिकारी श्री के.सी. मण्डलको प्रयासमा यो कार्यक्रम पुनः 2004–देखि शुरू गरियो जो अहिल्यैसम्म चलिरहेको छ।

111111 ० 111111

## एससी

सरकारले अनुसूचित जाति तथा अनुसूचित जनजातिहरूमाथि अन्याय रोक्ने सम्बन्धी कानूनमा सशोंघनको निम्ति काम गरीरहेको छ। सामाजिक न्याय तथा अधिकारिता मंत्री, मुकुल वासनिकले आज राज्यसभामा पूरक प्रश्नहरूको उत्तरमा भन्नुभयो –यसको मसौदालाई राज्यहरू समक्ष पठाइएको छ। मंत्रालयले यस सिलसिलामा आधा दर्जन राज्यहरूका विचारहरूको प्रतिक्षा गरीरहेको छ। श्री वासनिकले भन्नुभयो –केन्द्र सरकारले अनुसूचित जाति अनि अनुसूचित जनजातिहरूका मानिसहरूको सुरक्षालाई खुबै महत्त्व दिँदछ।

111111 ़ 111111

## एडुकेशनल इन्सटिट्यूशन

सरकारले देशमा शिक्षाको ढाँचाको विकासमा निजी क्षेत्रहरूको भागीदारीको आवश्यक्तामाथि बल दिंदै आश्वासन दिएको छ कि निजी शैक्षिक संस्थानहरूमा अनुसूचित जाति र जनजातिहरू एवं पछौटेवर्गको निम्ति निर्धारित आरक्षण लागू गरिनेछ। मानव संसाधन विकासमंत्री, कपिल सिब्बलले हिज लोकसभामा केन्द्रीय शैक्षिक संस्थान, प्रवेशमा आरक्षण, सशोंघन विधेयक 2012–माथि भएको चर्चाको जवाब दिंदै भन्नुभयो –संयुक्त प्रगतिशील गठवन्धन सरकारले अनुसूचित जाति, जनजातिहरू एवं पछौटेवर्गको सशक्तिकरण गर्ने प्रति पूर्ण तौरमा कटिवद्ध छ तथा विश्वविद्यालयहरू एवं शैक्षणिक संस्थानहरूमा यो वर्गका छात्रहरूलाई आरक्षण एवं अन्य सुविधाहरूको लाभ दिनको निम्ति हर कदम उठाइनेछ। लोकसभामा यो विधेयक ध्वनिमतले पारित भयो। यो विधेयकमा केन्द्रीय शिक्षण संस्थानहरूमा अनुसूचित जाति, जनजाति तथा अन्य पछौटेवर्गका छात्रहरूको निम्ति आरक्षणको प्रावधान लागू गर्ने अवधि 3 वर्षदेखि बढ़ाएर 6 वर्ष गरिएको छ। यसमा पूर्वोत्तर क्षेत्रका राज्यहरूमा स्थित केन्द्रीय शिक्षण संस्थानहरूमा आरक्षणसित सम्बन्धित कतिपय विसंगतिहरू पनि ठीक गरिएको छ। आरक्षणसित सम्बन्धित 2006–को कानून तीन वर्षभित्र क्रियान्वित गर्नपर्ने थियो तर सीटहरू बढ़ाउनको निम्ति ढाँचागत सुविधाहरू जुटाउनमा, असुविधाहरूलाई मध्य नजर राख्दै यसलाई 6 वर्ष गर्ने प्रावधान गरिएको छ। श्री सिब्बलले भन्नुभयो –शिक्षाको क्षेत्रमा निजी क्षेत्रहरूको सहयोगलाई आवश्यक बताउँदै भन्नुभयो – आज लगभग 12 करोड़ वाल–वालिकाहरू स्कूल गईरहेका छन अनि यी सबै वाल–वालिकाहरूलाई उच्च शिक्षा प्रदान गर्न आगामी दिनहरूमा 800 देखि 900 विश्वविद्यालयहरू तथा 40 देखि 50 हजार संस्थानहरूको आवश्यक्ता हुनेछ।

111111 ़ 111111

## एनएससी

केन्द्रीय संचार एवं सूचना प्रौद्योगिकी राज्यमंत्री सचिन पायलटले हिज लोकसभामा एक प्रश्नको लिखित उत्तरमा बताए –मासिक आय योजना (एमआईएस) तथा राष्ट्रीय वचत पत्र (एनएससी)–माथि परिपक्वता अवधि एक वर्षको निम्ति घटाई दिएको छ। साथै 10 वर्षको परिपक्वता अवधि एक वर्षको निम्ति घटाइदिएको छ। साथै 10 वर्षको परिपक्वता अवधि रहेको एक नयाँ लिखित एनएससी शुरू गरिएको छ। उहाँले भन्नुभयो –1 दिसम्बर 2011 देखि डाकघर वचत

खाताहरूमाथि व्याज 3.5 प्रतिशतदेखि बढ़ाएर 4 प्रतिशत प्रति वर्ष गरीदिएको छ। मासिक आय योजना (एमआईएस) तथा राष्ट्रीय वचत पत्र (एनएससी)–माथि परिपक्वता अवधिलाई 6 वर्षदेखि घटाएर 5 वर्ष गरीदिएको छ। उहाँले, भन्नुभयो –लोक भविष्य निधि (पीपीएफ) अन्तर्गत निवेशमाथि वार्षिक सीमा एक लाख रुपियाँसम्म बढ़ाइएको छ। डाकघर सावधि जमा (पीओटीडी) 1, 2, 3 अनि 5 वर्षको लिक्विडिटीमा तुलनात्मक परिपक्वता वाला सावधि जमाहरूभन्दा एक प्रतिशत कम दरमा परिपक्वता अवधिभन्दा पूर्व आहरणको अनुमति दिंदै सुधार गरिएको छ। 6 देखि 12 महीना वीचको निवेशको निम्ति परिपक्वता अवधिभन्दा पूर्व आहरणमाथि डाकघर वचत खाता (पीओएसए)–को दरमा ब्याज दिइनेछ।

111111 ॰ 111111